दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक ०३ | बुटवल | २०८१ पौष १३, गते शनिबार | नेपाल संवत ११४५ | Saturday Dec.28, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## लुम्बिनी र कर्णाली प्रदेशबिच १९ बुँदे साझा प्रतिबद्धता



बुटवल । लुम्बिनी र कर्णाली प्रदेश सरकारबिच अन्तरप्रदेश विकास र समृद्धिमा सहकार्यका लागि १९ बुँदे साझा प्रतिबद्धता जारी भएको छ । दुई प्रदेशको अन्तरआबद्धता र सहकार्यलाई सुदृढ गर्दै लुम्बिनी प्रदेश सरकार र कर्णाली प्रदेश सरकारबिच १९ बुँदे साझा प्रतिबद्धता जारी भएको हो ।

शुक्रबार कर्णालीको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा दुई प्रदेशका प्रतिनिधिहरूबिच भएको समन्वयात्मक बैठकले विभिन्न १९ बुँदे प्रतिबद्धता जारी गरेको हो । लुम्बिनीका मुख्यमन्त्री चेतनारायण आचार्य र कर्णालीका मुख्यमन्त्री यामलाल कँडेलले प्रतिबद्धता कार्यान्वयन गर्ने बताएका छन् ।

प्रदेश सरकार स्थापना भएपछि पहिलोपटक यसरी दुई प्रदेशबिच सार्वजनिक सरोकारका विषयमा छलफल तथा सहमति भएको हो । साझा प्रतिबद्धतामा भेरी-बबई डाइभर्सन आयोजनाको निर्माण, सडक दुर्घटना न्यूनीकरण, अन्तरप्रादेशिक विकासदेखि पर्यटन प्रवर्द्धनलगायत दुई प्रदेशसँग जोडिएका विषयहरू समेटिएका छन् ।

राष्ट्रिय गौरवको भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना शीघ्र सम्पन्न गर्न दुवै प्रदेश सरकारको तर्फबाट नेपाल सरकारसँग समन्वय गर्ने, स्थानीयस्तरका आयोजना सम्बद्ध सवालहरूमा स्थानीय तह समेतको समन्वयमा विवाद समाधानका लागि आवश्यक पहल गर्ने जनाइएको छ ।

## अदालतमा रविको इन्कारी बयान



पोखरा । राष्ट्रिय स्वतन्त्र पार्टीको सभापति रवि लामिछानेले सहकारी ठगीसहितका तीन अभियोगमा मुद्दामा अदालतमा इन्कारी बयान दिएका छन् । कास्की जिल्ला अदालतका न्यायाधीश नीतिज राईको इजलासमा उनले इन्कारी बयान दिएका हुन् ।

उनले बयानका क्रममा गोर्खा मिडियाको आर्थिक हिसाबकिताबको सबै जिम्मेवार जीबी राई रहेको बताएको अदालत स्रोतले जानकारी दिएको छ । विशेषगरी न्यायाधीशले सोधेका सजिला प्रश्नको जवाफ उनले दिए पनि असजिला प्रश्नमा जीबीलाई देखाएको बताइएको छ । न्यायाधीशले उनलाई २६ प्रश्न सोधेको स्रोतको भनाइ छ । यस्तै सहकारीको खाताबाट कुनै रकम नआएको र रकम नमासेको दाबी पनि उनको छ ।

» *बाँकी ३ पेजमा*

# भेरी–बबई डाइभर्सनको काम सुस्त

**भौतिक प्रगति ६५.८ प्रतिशत भएको डाइभर्सनको काम छिटो सक्न लुम्बिनीका मुख्यमन्त्रीले आग्रह गरेका छन् ।**




**लुम्बिनी संवाददाता**

*दाङ*

राष्ट्रिय गौरवको आयोजना भेरी-बबई बहुउद्देश्यीय डाइभर्सनको निर्माण कार्य सुस्त भएको छ । आर्थिक वर्ष २०६८-६९ बाट भेरी-बबई बहुउद्देश्यीय डाइभर्सन आयोजना अघि बढेको थियो ।

भेरीको पानी बबईमा खसालेर बाँके र बर्दियाको ५१ हजार हेक्टर जमीनमा सिँचाइ सुविधा पुऱ्याउनुका साथै ४६.८ मेगावाट विद्युत् उत्पादन गर्ने आयोजनाको लक्ष्य छ । सुरुङको 'ब्रेक थ्रु' २०७६ बैशाख ३ गते गरिएको थियो । चीनको सीआइसी र चाइना इञ्जिनियरिङ ओभरसिज प्रालि (कोभेक) ले संयुक्त डाइभर्सनको काम गरिरहेका छन् ।

सिँचाइ विभागद्वारा संशोधित गुरुयोजनाअनुसार टनेल निर्माण, बाँध, विद्युत्गृह, हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकललगायत काम सम्पन्न गर्न ३३ अर्ब १९ करोड खर्च हुने अनुमान छ । भेरी-बबई बहुउद्देश्यीय डाइभर्सन आयोजनामा नेपालमा पहिलोपटक प्रयोग गरिएको टनेल बोरिङ मेसिन (टीबीएम) को सफल परीक्षण भएको छ । सुरुङको लम्बाइ १२ किलोमिटरको छ ।

अबको २ वर्षभित्र भेरी नदीको पानी बबई नदीमा झारेर सिँचाइ, विद्युत् उत्पादन सुरु हुनेगरी काम भइरहेको आयोजनाका निर्देशक रणबहादुर बमले जानकारी दिए । बहुउद्देश्यीय आयोजनाको भौतिक प्रगति ६५.८ प्रतिशत भएको उनले बताए । जसअन्तरगत टनेल निर्माण कार्य सम्पन्न भएको, सिभिल निर्माण कार्यको भौतिक प्रगति ५५ प्रतिशत, इलेक्ट्रोमेकानिकल प्रगति ३० प्रतिशत सम्पन्न भएको उनले बताए । हाइड्रोमेकानिकलको भौतिक प्रगति ३९ प्रतिशत र प्रशारणलाइनको भौतिक प्रगति ५ प्रतिशत भएको छ । डाइभर्सनपछि बाह्रै महिना सिँचाइ र विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ ।

**कामलाई गति दिन मुख्यमन्त्री आचार्यको आग्रह**

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले भेरी-बबई बहुउद्देश्यीय डाइभर्सन बहुउद्देश्यीय आयोजनाको कामलाई गति दिन आग्रह गरेका छन् । भेरी-बबई बहुउद्देश्यीय डाइभर्सन आयोजना साइड कार्यालय हात्तीखाल सुर्खेतमा शुक्रबार छलफल गर्दै मुख्यमन्त्री आचार्यले आयोजनाको कामलाई गति प्रदान गर्न आवश्यक रहेको र त्यस तर्फ जुट्न ध्यानाकर्षण गराएका छन् ।

'आयोजनाको काम सुस्ताएको छ, यसलाई गति दिएर निर्धारित समयमै काम सम्पन्न गर्नुपर्छ ।'-मुख्यमन्त्रीले भने ।

आयोजनाको काम गर्दा मानव बस्ती सुरक्षित हुनेगरी गर्नुपर्ने बताउँदै उनले नदी कटान र विपद जोखिम न्यूनीकरण गरेर काम गर्न अनुरोध गरे । 'स्थानीयसँग भएका सम्झौता कार्यान्वयन भएको छैन, त्यसलाई ध्यान दिनुस्, सम्झौता अनिवार्य कार्यान्वयन गरिनुपर्छ,' उनले भने-'नदीको दुबै किनारमा अनिवार्य तटबन्ध गरी योजना अघि बढाउनुस् ।'

# सरकारी ट्रायल सेन्टर सित्तैमा निजी कम्पनीलाई दिँदा मनोमानी

सरकारी जग्गा प्रयोग गरेबापत राज्यलाई एक रुपैयाँ पनि आम्दानी नहुने गरी ५ वर्षका लागि करार सम्झौता गरिँदा व्यवसायीको मनोमानी र नीतिगत भ्रष्टाचारको गन्ध आएको सरोकारवालाको गुनासो छ ।




बुटवल । बुटवलको यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमति पत्रकार्यालयमा निजी कम्पनीको एकलौटी मनोमानी भएको छ । कार्यालय परिसरमा सवारी चालक अनुमति पत्रका लागि लिइने प्रयोगात्मक परीक्षा (ट्रायल सेन्टर) सञ्चालन गर्न पाँच वर्षका लागि सित्तैमा ठेक्का दिइएपछि निजी कम्पनीको मनोमानी भएको हो ।

ट्रायल सेन्टर सञ्चालनका लागि कार्यालयसँग तत्कालीन मुख्यमन्त्री कुलप्रसाद केसीको पालामा निर्माणको काम गर्ने एन. बि.कन्स्ट्रक्सन बुटवल रुपन्देहीबिच २०७८ माघ १७ गते सम्झौता भएको थियो । उक्त सम्झौता गर्दा कार्यालय प्रमुख तेजनारायण यादव र एन. बि.कन्स्ट्रक्सनका प्रतिनिधि (सञ्चालक) नारायण भुसालबिच सम्झौता भएको थियो । त्यसमा यातायात कार्यालयका कर्मचारीहरु आलोककुमार ओझा र नारायण अर्याल पनि रोहबरमा थिए ।

सम्झौता अनुसार एन.बि.कन्स्ट्रक्सनले सवारी चालक अनुमति पत्रका परीक्षार्थीबाट सवारी साधन प्रयोग वापत प्रतिपरीक्षार्थी अधिकतम भ्याटबाहेक मोटरसाइकल, स्कुटर र मोपेडको एक सय ९५ रुपैयाँ, कार जीपको ४९५ रुपैयाँ तथा हेभी बस, ट्रकको ९९५ रुपैयाँ लिन पाइने उल्लेख छ ।

परीक्षार्थीलाई सवारी साधन एन.बि.कन्स्ट्रक्सनले उपलब्ध गराउने सम्झौता छ । सरकारी सम्पत्ति निजी कम्पनीलाई प्रयोग गर्न दिने सम्झौताले राज्यलाई कुनै राजस्व प्राप्त नहुने, परीक्षार्थीलाई लिइने शुल्क पनि महँगो भएको र ५ वर्ष लामो करार सम्झौता पनि अपारदर्शी भएको कार्यालयकै कर्मचारीहरु स्वीकार्छन् । यो सम्झौताले सेवाग्राहीले आफ्नो सवारी साधन प्रयोग गर्न मौलिक अधिकार हनन् हुँदा आर्थिक मारमा परेका र निजी कम्पनीले राज्यलाई कुनै आम्दानी नदिई एकलौटी मुनाफा आर्जन गरेको ठहरसहित तत्कालीन उद्योग तथा यातायात व्यवस्था मन्त्री सरोज थापा (रोज राणा) ले आफ्नै सवारी साधन प्रयोग गर्न पाइने निर्णय गरेका थिए ।

२०८० साल पुस ८ गते मन्त्रीको पदवहालीको पहिलो निर्णयमा मन्त्री थापाले उक्त निर्णय गरेका थिए । तर मन्त्री थापाको उक्त निर्णय यातायात व्यवस्था कार्यालय बुटवलले कार्यान्वयन नगरेपछि ठेक्का पाएको कम्पनीको मनोमानी चलेको सेवाग्राहीको गुनासो छ ।

आफ्नो निर्णय कार्यान्वयन नभएपछि मन्त्री थापाले परीक्षार्थीलाई आफ्नै वा आफन्त, साथीको सवारी साधन प्रयोग गर्न दिई सहजरुपमा परीक्षा दिन पाउने वातावरण बनाइ मन्त्रालयको अघिल्लो निर्णय अक्षरशः कार्यान्वयन गर्न कार्यालयलाई ताकेता गरेका थिए । त्यति गर्दा पनि कार्यालयको नेतृत्वले निर्णय पूर्ण कार्यान्वयनमा बेवास्ता गरेको छ ।

» *बाँकी ३ पेजमा*



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली
# पाहुर
२०८१ पौष १३, गते शनिबार
तपाईका लागि...

**बिट्विन द लाइन्स्...**

कुन बाजा छ जसमा बज्न सकोस्
यो मेरो मुटुको संगीत ?
कुन मूर्ति छ जसमा हुन सकुन्
मेरा मुद्राहरु अभिनित ?
– वासु शशी

(‘बूढो बाजेको आतंक गीत’ बाट)

विमर्श

# मिडियामा आर्थिक संकट, सूचना प्रविधि र विश्वसनियताको सवाल



रामचन्द्र श्रेष्ठ

अहिले मिडियाहरू आर्थिक संकटबाट गुज्रिरहेका छन् । यसका प्रमुख दुई तीनवटा कारणहरू छन् । पहिलो, मिडियाको आम्दानीका स्रोत घटिरहेका छन् । अब आम सञ्चार माध्यममात्रै बजारको विज्ञापनको माध्यम भएन । डिजिटल स्पेश र खासगरी सामाजिक सञ्जालका कारण मिडियालाई वर्षौंदेखि धानिरहेको ठूलो आर्थिक स्रोत विज्ञापन घटेको छ । दैनिक पत्रिकाका पानाहरूमा विज्ञापन कम भएको हामी देख्नसक्छौं । अर्कोतर्फ, सामाजिक सञ्जालमा सिधैं लक्षित समूहसम्म पुग्न सकिनेगरी विज्ञापन दिन सकिने भएकाले त्यसको आकर्षण बढ्दो छ । त्यसैले काठमाडौंका राष्ट्रियस्तरका भनिने मिडियाहरूले रक्सीको विज्ञापनमा लगाइएको प्रतिबन्ध हटाउन लबिङ गर्नेगरेको पनि बेलाबखत सुन्ने गरिन्छ । त्यसो गर्दा विज्ञापन बढ्छ, बढ्दैन र त्यो कत्तिको उचित हो बहसको अर्को पाटो हो ।

दोस्रो, मिडियाको आम्दानी जति घटिरहेको भनिएको छ, त्यो नहुन पनि सक्छ । खासगरी ठूला भनिएका मिडिया हाउसका मालिकहरूले हिजो जसरी मिडिया चलाइरहेका थिए, अहिले त्यसरी चलाउन सकिरहेका छैनन् । त्यसको मूल कारण हो, मिडियाका साहुहरूको लगानीको क्षेत्रमा भएको परिवर्तन वा मिडियालाई दिइएको कम प्राथमिकता । २०५० र २०६० को दशक नेपाली मिडियाका लागि आर्थिक हिसाबले पनि उर्वर दशकहरू थिए । यी दशकमा नेपाली मिडिया फस्टाए पनि । त्यसरी फस्टाएको समयमा उदाएका ठूला मिडियाका साहुहरूले त्यसबाट आर्जन गरेको मुनाफा मिडियाकै विस्तारका लागि भन्दा पनि अन्यत्र लगानी गरेका थिए । खासगरी कोभिडपछि उनीहरूले लगानी गरेको क्षेत्रमा आएको मन्दीले मिडियामा पनि असर पुर्‍याएको छ । यतिवेला प्रश्न उठ्छ, त्यसरी मिडियाको पैसा अन्यत्र लगानी गरेपछि अन्यत्र असर पर्दा त्यसको प्रतिफल मिडियाकर्मीले भोग्नुपर्ने अवस्था कत्तिको सही हो ? यो प्रश्नले मिडियाका सञ्चालकप्रति नैतिकता र जवाफदेहिताको प्रश्न उठाउँछ ।

विडम्बना, समाजमा पारदर्शिता र जवाफदेहिताको प्रश्न उठाउने मिडियाहरू नै आफ्ना सञ्चालक र तिनका निर्णयबारे प्रश्न उठ्दा मौन रहने गरेका छन् । श्रमजीवि पत्रकारहरू आन्दोलनरत रहने तर तिनका सम्पादकहरू मौनता साँधेर जवाफदेहिताबाट पन्छिने प्रवृत्ति कोभिडदेखि शुरु भएको छ । कान्तिपुरजस्तो ठूलो भनिने मिडिया पनि त्यो समस्याबाट गुज्रिएको छ । यस्तो अभ्यासले मिडिया सञ्चालकलाई तत्कालका लागि सहज भए पनि सिंगो मिडिया र पत्रकारितामाथि भने दूरगामी असर पुर्‍याएको छ । मिडियामाथी विश्वसनीयताको प्रश्न उठ्ने परिस्थिति पनि त्यहीबाट सिर्जना भएको छ ।

तेस्रो, अहिले स्थानीय तहहरूबाट मिडिया हाउसका नाममा सूचना वा विज्ञापन गएको देखिन्छ । तर, पालिकाबाट निकासी भएको र मिडिया हाउसले प्राप्त गरेको रकममा ठूलो अन्तर देखिन्छ । त्यो पैसा कहाँ गईरहेको छ भन्ने गहन प्रश्न हो । यसले पनि मिडिया हाउसको आर्थिक चुनौती बढाउन सहयोग गरिरहेको छ ।

**सम्भावना**

सञ्चार प्रविधिमा आएको द्रुत परिवर्तनका कारण हामी युगको संघारमा उभिएका छौं । हामी त्यस्तो विन्दुमा पुगेका छौं जहाँ हाम्रा धेरै पुराना अनुभव काम नलाग्ने हुँदै गएका छन् । विडम्बना हामीसँग वर्तमानमा भइरहेको तीव्र परिवर्तनलाई बुझ्ने, बोध गर्ने र त्यसबाट उपायहरू खोज्ने क्षमता साह्रै सिमित छ । त्यसैले तत्कालका लागि मिडियाले भोगिरहेको आर्थिक संकटबाट पार पाउने सम्भावनाहरू खोज्न गाह्रो छ । तर, असम्भव त केही पनि हुँदैन ।

कोभिड महामारी नेपालमात्र नभई सिंगो संसारमा आमसञ्चारका अभ्यासका क्षेत्रमा एउटा ठूलो पानी ढलो हो । महामारी र बन्दाबन्दीका वर्षहरूले हामीलाई एकैपटक डिजिटल संसारमा अभ्यस्त हुन बाध्य बनायो । यसको असर अर्थतन्त्रमा तत्कालै देखियो तर यसले अन्य सम्भावना पनि सिर्जना गर्‍यो ।

त्यो सम्भावना हो- गिग इकोनोमी । सजिलो भाषामा भन्दा डिजिटल प्लेटफर्ममार्फत आर्थिक अभ्यास हुने अर्थतन्त्र गिग इकोनोमी हो । जसले एकजना व्यक्तिलाई पनि उद्यमी बन्न सघाइदिएको छ । जस्तै, पठाओ । चार वर्ष अघिसम्म एउटा बाइक भएको युवा अतिरिक्त सीप र दक्षताबिना आम्दानी गर्न सक्ने बन्ला भन्ने कल्पना गर्न गाह्रो थियो । पठाओले अहिले काठमाडौंजस्ता शहरमा धेरै युवाको दैनिक आवश्यकता पूरा गरिदिएको छ । गिग इकोनोमीको अर्को सफल उदाहरण हो, दराजजस्ता प्लेटफर्म जहाँ उत्पादक र उपभोक्ता एकैपटक जोडिन सक्छन् । अनलाइन सपिङ र बिक्रीको अभ्यास अहिले ससाना बिक्रेताहरूले पनि गर्न थालेका छन् । बुटवलकै धेरै पसलहरू पनि गिग इकोनोमीका कारण चलिरहेका छन् ।

गिग इकोनोमीसँग मिडिया व्यवसायको हातेमालो अबको सम्भावना हुनसक्छ । त्यो कसरी ? यसका मोडलहरू भने आविष्कार गर्दैजाने हुनुपर्छ । युट्युवबाट कन्टेन्ट हेरिएको आधारमा प्राप्त गर्ने पैसा केही हदसम्म आम्दानीको स्रोत हुनसक्छ । अहिले न्यू योर्क टाइम्सदेखि भारतको स्क्रोल इनसम्मले पेवाल सिस्टम बनाएका छन् जहाँ पैसा नतिरी पढ्न सकिँदैन । अर्कोतर्फ, गार्जियन, गुगल, द वायरजस्ता मिडियाहरू क्राउड फन्डिङमा निर्भर छन् । नेपालमा पनि सेतोपाटीले प्रिमियम स्टोरीका लागि पेवाल र उकालोले क्राउड फन्डिङको अभ्यास शुरु गरेका छन् । पक्कै पनि यी दुवै अभ्यासका निम्ति नेपालमा चुनौती छ । पेवालका लागि सबैभन्दा ठूलो चुनौती हो, के नेपाली मिडियाका सामग्री पैसै तिरेर पढ्नु वा हेर्नुपर्ने खालका छन् ? त्यसको मापन केमा निर्भर हुन्छ ? क्राउडफन्डिङका लागि चुनौती हो, के नेपाली समाज त्यस्तो परोपकारी वा उदारमना समाज हो त ? पक्कै पनि, भूकम्प वा बाढीपहिरोजस्ता आपतविपतमा त्यस्तो संकलनको अनुभव हामीसँग छ । तर, कुनै सञ्चार गृहलाई टिकाइराख्न समाजमा परोपकारी भावना सिर्जना हुन केके गर्नुपर्छ ? यस्ता प्रश्नमा घोत्लिन जरुरी भइसकेको छ ।

**मिडियाको विश्वसनीयता**

मिडियाको घट्दो विश्वसनीयता भनिएको छ । मलाई थाहा छैन, हामी त्यो निष्कर्षमा कसरी पुगेका छौं ? के साँच्चै नै मिडियाको विश्वसनीयता घट्दो छ त ?

नेपाली समाजमा मिडियाको उपयोग साँच्चै नै कम हुन थालेको छ त ? यसबारे गम्भीर खोजहरू भएका छैनन् । पक्कै पनि दैनिक पत्रिकाको प्रकाशन संख्या घटेको छ । तर, तिनको उपयोग घटेको छ त ? हामीले दैनिक सूचना कहाँबाट पाउछौं ? तपाईंले कुनै एउटा मिडियाको वेबसाइट खोलेर नहेर्नुहोला तर फेसबुक वा ट्वीटर वा इन्स्टग्राम वा टिकटकमा जे सूचना प्रवाह हुन्छन्, तीमध्ये अधिकांश कहाँ बन्छन् ? पछिल्लो समय नेपाली समाजमा जुन जुन विषयमा चर्काचर्को बहस हुन्छन् तिनको उद्गम कहाँ हो ? रवि लामिछानेको विषयमा होस् वा मिटरब्याजको विषयमा हाम्रा धारणाहरू कहाँबाट सिर्जना हुन सुरु गरेका हुन् ? हाम्रो सूचनाको स्रोत के हुन् ? हुनसक्छ हामीले कान्तिपुर दैनिककै वा अरु कुनै मिडियाको समाचार नपढेर युट्युवमा कोही कसैको भिडियो हेरेर धारणा बनाएका हौला । तर, त्यो मानिसले आफ्नो भिडिओमा प्रयोग गरिरहेको सूचना कहाँबाट पाएको हो ? कुनै न कुनै सञ्चारमाध्यमले खोजेर जुटाएर सम्पादन गरेर प्रकाशन गरेको सूचना नै होइन र ?

त्यसैले मिडियाको विश्वसनीयता घट्यो भन्ने आकलन प्रमाणित सत्य भन्दा हतारोको निष्कर्ष बढी हो ।

त्यसोभए केही भइरहेकै छैन त ? त्यस्तो पनि होइन, केही परिवर्तन भइरहेको छ । त्यो परिवर्तनको रुप, रंग चाहिँ जटिल र अभूतपूर्व छ ।

त्यो हो, हामीमा पक्षधरता र ध्रुवीकरण बढ्दै गएको छ । सामाजिक भनिने तर असामाजिक सञ्जालको भाषमा हामी यसरी गडेका छौं, हामी आफूचाहिँ असामाजिक बन्दै गएका छौं ।

सामाजिक हुनुको अर्थ हो, शिष्ट तरिकाले आफ्ना विचार राख्ने र अरुको विचारलाई सम्मानका साथ सुन्ने । आफ्ना तर्कहरू सन्तुलित रुपमा प्रस्तुत गर्ने । हिजो चिया पसलमा गफ गर्दा हामीले सामान्य अनुशासन वा शिष्टता स्वतः पालना गर्थ्यौं । मुखमा आएजति बोल्दैनथ्यौं किनभने हामी सामाजिक स्पेशमा छौं भन्ने ख्याल हुन्थ्यो । अहिले तपाईं कोठाको एउटा कुनामा बसेर सामाजिक सञ्जालमा टिप्पणी गरिरहनुभएको हुन्छ । तपाईं एक्लै त हुनुहुन्छ, भौतिक रुपमा । तर, तपाईं एकसाथ हजारौं मानिससँग संवाद पनि गरिरहनुभएको हुन्छ । आमसञ्चारको भाषामा भन्दा एकैपटक तपाई अन्तरवैयक्तिक (इन्ट्रापर्सनल) र आमसञ्चार (मास कम्युनिकेसन) एकैपटक गरिरहनुभएको हुन्छ । विडम्बना भौतिक रुपमा एक्लै भएकाले आफू ठूलो जमातमा बोलिरहेको छु भन्ने बिर्सनुहुन्छ र मनपरी जे पायो त्यो टिप्पणी गर्न थाल्नुहुन्छ । के तपाईं त्यही टिप्पणी चिया पसलमा चार जना मानिसको अगाडि गर्न सक्नुहुन्छ त ? त्यही शब्द प्रयोग गर्न सक्नुहुन्छ त ? पक्कै सक्नुहुन्न ।

मान्छे सबैभन्दा अशिष्ट एक्लै हुँदा हुन्छ । तर, अर्को एकजनाको उपस्थितिमै उसले आफूलाई आत्मअनुशासनमा राख्न शुरु गर्छ ।

सामाजिक सञ्जालको विकासले यो फरकलाई साँघुराइदिएको छ । एक्लै हुनु र आम मानिसको भीडमा हुनुको फरकबीच साह्रै धमिलो रेखा सिर्जना भएको छ जसलाई विवेकको नजरले नहेर्दासम्म देखिँदैन ।

अहिले भइरहेको एउटा ठूलो परिवर्तन यो हो जसले समाजमा असन्तुलन र विग्रह सिर्जना गर्दै गइरहेको छ ।

नोक्सानी पुर्‍याउने अर्को परिवर्तन भने एआई (कृत्रिम बौद्धिकता) र अल्गोरिदम हो । हाम्रा सबै डिजिटल स्पेश अल्गोरिदममा निर्भर छन् । व्यावसायिक सफलताका लागि यस्तो अल्गोरिदम सिर्जना गरिएको छ जसले एकपटक एउटा विषयमा प्रवेश गरेपछि त्यस्तै मात्र उपलब्ध गराउँछ । उदाहरणका लागि तपाईंले चकलेटको विज्ञापन हेर्नुभयो भने त्यसपछि चकलेटकै मात्र विज्ञापन आइराख्छ । फेसबुक र इन्स्टाग्रामका अल्गोरिदमहरू एक अर्कासँग सम्बन्धित छन् । त्यसैले कुनै एकमा हेरेको चिज अर्कोमा पनि आउन थाल्छ । सिरी जस्ता एप्लिकेसनले आईफोन प्रयोगकर्ताहरूलाई झन् भल्नरेबल बनाएको छ । कुराकानीका क्रममा प्रयोग भएका विषयलाई सिरीले डेटाका रुपमा प्रयोग गर्न थालेको छ । टिकटकको अल्गोरिदम अरुको भन्दा बढी प्रभावकारी छ भनिन्छ । त्यसैले टिकटकमा कुनै एउटा विषय हेरियो भने त्यस्तै मात्र विचार र विषय दोहोरिरहन्छ । आज बेलुका दुर्गा प्रसाईंका चारवटा भाषण हेरियो भने भोली बिहान पनि त्यही मात्र आइरहन्छ ।

यो अल्गोरिदमले के गरेको छ त ? यसले हामीलाई सूचनाको बादलमा भ्रमित बनाइदिएको छ । हामीले हेर्न त सयौं भिडिओ हेरिरहेका हुन्छौं तर विषयवस्तुको हिसाबले हामीले एकैथरी विचारमात्र उपभोग गरिरहेका हुन्छौं । तर, हामीलाई लाग्छ, हामीले प्रशस्त सूचना जम्मा गरेका छौं । त्यही आधारमा हामी तर्क गर्न थाल्छौं, बहस गर्न थाल्छौं । हामीमा पक्षधरता र ध्रुवीकरण सिर्जना हुन्छ । र, हाम्रो प्रस्तुती माथि भनिएजस्तै असमाजिक भइरहेको हुन्छ जुन हामीलाई थाहै हुँदैन ।

हिजो यस्तो सम्भावना कम हुन्थ्यो । कुनै दैनिक पत्रिकाको विचार पृष्ठ पल्टाएर हेर्दा त्यहाँ विविध विचार बोकेका लेखहरू हुन्थे । अहिले हामीले डिजिटल प्लेटफर्ममा अल्गोरिदमका कारण एकैथरी विचारको सम्प्रेषणमात्र पाउछौं, थाहै नपाई ।

यो पक्षधरता र सूचनाको भ्रमले आम सञ्चारमाध्यमलाई हुर्किन गाह्रो भइरहेको छ । त्यसका विविध कारण छन् । आमसञ्चारको फैलावटका लागि लोकतन्त्र चाहिन्छ । लोकतन्त्रको पहिलो शर्त हो, बहुलताको स्वीकार । तर, सूचनाको भ्रामक बादलले बहुलतालाई अस्वीकार गर्छ । त्यो लोकप्रियतावादी हुन्छ । अर्कोतर्फ, मिडियाहरू पनि यस्तै अल्गोरिदमको शिकार बनिरहेका हुन्छन्, थाहै नपाई । धेरै भ्यूअर, लाइक र शेयर बटुल्न मिडियाहरूको होडबाजी त्यसैको कारण हो ।

मिडियाको यो होडबाजी चाहिँ साँच्चै नै ठूलो समस्या हो, जसले विश्वसनीयतामाथि प्रश्न उठाएको छ । सकेसम्म छिटो हुने र धेरैभन्दा धेरै समाचार प्रकाशन गर्ने होडबाजीले मिडियाका उत्पादनहरूको गुणस्तरमा ह्रास आइरहेको छ । भने विविधीकरण कमजोर हुँदै गएको छ । अनलाइन मिडियामा यो समस्या झनै छ । किनभने अनलाइन मिडियालाई केही मिनेट पछि ग्राहकले स्वाइप गर्दा नयाँ समाचार देखाउनुपर्ने चुनौती छ । अहिले कुनै दुर्घटना भयो भने हामीले आधा घण्टाभित्रमा एउटै समाचार कम्तिमा सातवटा मिडियामा देख्छौं । यो होडबाजी खतरनाक छ ।

अर्को खतरा हो, डिस्इन्फर्मेसन र मिस्इन्फर्मेसन । नेपालीमा तिनलाई भ्रामक सूचना र मिथ्या सूचना भन्न सकिन्छ । नियतवश भ्रम सिर्जना गर्नेगरी तयार पारिएका सूचना डिस्इन्फर्मेसन हुन् । यस्ता भ्रामक सूचनाहरूमा सम्पूर्णरुपले भ्रामक सूचना निर्माण गर्नुपर्दैन सेलेक्टेड बायसनेस (नियोजित विभेद)लाई अपनाए मात्र हुन्छ । अन्जानमै सिर्जना हुने गलत सूचना मिस्इन्फर्मेसन । कहिलेकाहीँ मिडियाहरू पनि यस्ता भ्रामक र मिथ्या सूचनाबाट प्रभावित हुने गरेका छन् । त्यसैले तथ्य जाँच अब अनिवार्य भइसकेको छ ।

अहिले चलिरहेका मिडियाहरू झट्टै मर्दैनन् । यी मिडियाहरू कुपोषित हुन सक्छन् वा सुपोषित हुन सक्छन् तर मर्दैनन् । किन मर्दैनन् भने मिडिया फेरि पनि धेरैको आवश्यकता हो । राजनीतिक शक्तिलाई मिडिया चाहिन्छ । मिडियाले दुईवटा काम गर्छ । एकातर्फ मिडियाले आम सहमति निर्माण गर्छ भने अर्कोतर्फ यसले अभिमतको वैधानिकीकरण पनि गर्छ । व्यापारी, व्यवसायी वा ठेकेदारलाई पनि मिडिया चाहिन्छ । पहिला पहिला ठेकेदारहरूलाई एकाध लैठत भए पुग्थ्यो अहिले दुई चार जना पत्रकार पनि चाहिन्छ । हामी देख्नसक्छौ यहाँका सबै व्यापारी, व्यवसायीकदेखि सामुदायिक संस्थाहरूलाई प्रेस सल्लाहकार चाहिन्छ । यीनै लुप्त कारणहरूले पनि मिडिया कुपोषित नै भए पनि बाँचिरहन्छ । सुपोषित गराउने हो भने मिडियामा समाजको निगरानी र समाजको लगानी दुवै आवश्यक छ ।

(देवदह मिडिया क्लबले यहीं पुस ११ र १२ गते आयोजना गरेको मिडिया महोत्सवमा आयोजित विमर्शमा व्यक्त विचारको सम्पादित अंश ।)

कविता

## फर्किन बिर्सेकालाई

**जयन्ती मगर सरगम**

आऊ ! नियाली हेर
तिमी नाचेका यी परेलीहरू
फुट्न तयार रारा बोकिरहेछन्
आऊ छामी हेर
तिम्ले डेरा जमाएको मुटु
यादका तीरहरूले घोचिरहेछ्न्

मेरो भएर पनि हुन नसकेको ओ मान्छे
तिमी बुझ्छौ बुझ्दैनौ ?

तिम्रै पर्खाइको हवनमा
मेरो धैर्यताको बाँध भत्किरहेछ ।

थाहा छैन के के छन् त्यहाँ
भेट्नासाथ सोध्नु पर्ने प्रश्नहरूको लस्कर छ
यहाँ

फर्किन बिर्सेको ओ मान्छे !
तिमी सुन्छौ कि सुन्दैनौ त्यो झरीको गीत ?
मेरै भाका चोरेर गाइरहेछ
तिमी देख्छौ कि देख्दैनौ त्यो बादलको लस्कर
?

मेरा भावनाहरू उडाइरहेछ
नियाल्छौ कि नियाल्दैनौ रातको सन्नाटा ?
मेरै मौनताको लास बिछ्याइरहेछ

बस् ! तिमी दूर बसाई सरेपछि
सखापै पारूँ भन्दा पनि
पलाई रहने ऐंजेरु भएको छ जिन्दगी ,
नसुनाऊँ भन्दा पनि सुनाउनै पर्ने
कथा भएको छ जिन्दगी
तिमी सामु पुगूँ भन्दा भन्दै पनि
साहारामा अलमलिएको छ जिन्दगी
त्यै पनि

हामीले बसाएको प्रेमनगरको बगरै बगर
थोपा प्रेमको प्रतीक्षा गरिरहेकी छु

ओ फर्किन बिर्सेको मान्छे !
यो धर्ती साक्षी छ
त्यो आकाश साक्षी छ
म उस्तै छु
मेरो प्रेम उस्तै छ
आऊ !
हामीले खाएको कसमको कसम तिमीलाई
गएको गोरेटो पछ्याउँदै पछ्याउँदै आऊ ।

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

रु.जि.हु.द.न.१३/०६३/०६४

# बुद्धकालीन सहरको संरचना भेटिएको दाबी

नवलपरासी । पश्चिम नवलपरासीको रामग्राम नगरपालिका-१८ मा रहेको बुद्धकालीन ऐतिहासिक तथा पुरातात्विकस्थल पण्डितपुरमा गरिएको उत्खनन्का क्रममा बुद्धकालीन सहरको संरचना भेटिएको दाबी गरिएको छ । पुरातत्व विभाग र त्रिभुवन विश्वविद्यालयको अध्ययन टोलीले चार स्थानमा गरेको उत्खनन्का क्रममा पर्खालको संरचनासहित विभिन्न प्रकारका प्राचीन भाँडाकुँडा, जनावरका मूर्ति, गरगहनालगायत पुरातात्विक सामग्री फेलापरेको पुरातत्वविद् भाष्कर ज्ञवालीले जानकारी दिए ।

यसअघि गरिएका अध्ययनलाई पुष्टि गर्नेगरी बुद्धकालीन सहरको संरचनासहित विभिन्न सामग्री पनि भेटिएका छन् । कोलीय गणराज्यको महत्त्वपूर्ण शहर मानिएको पण्डितपुरमा पुरातत्व विभागले गरेको उत्खनन्ले महत्त्वपूर्ण प्रमाणसहितका संरचना भेटिएका हुन् । यसअघि भएको जियोफिजिक्स सर्भे (भू-भौतिक अध्ययन)का क्रममा देखिएको बुद्धकालीन सहरको संरचना उत्खनन्का क्रममा फेलापरेको छ । ती सामग्रीको थप अध्ययन गरेर धेरै कुरा थाहा हुने उनको भनाइ छ । पण्डितपुरमा उत्खनन् टोलीले एक ठाउँमा तीन मिटर गहिरो खाडल खनेर सो क्षेत्रको प्राचीन सांस्कृतिक अवस्थाका विषयमा पनि अध्ययन गरेको छ । बौद्धकालदेखि मुस्लिम बसोबास अवधिसम्मको विविधता पण्डितपुरमा भेटिएको ज्ञवालीले बताए ।

यसअघि बेलायतमा गरिएको अध्ययनका क्रममा पण्डितपुरमा भेटिएका संरचना इशापूर्व छैटौं शताब्दीका भएको पुष्टि भइसकेको छ । विश्व सम्पदा सूचीमा सूचीकरणको तयारीमा रहेको कपिलवस्तुको तिलौराकोटसँग मिल्दोजुल्दो मितिका संरचना पण्डितपुरमा भेटिएको पुरातत्व विभागले जनाएको छ । उक्त स्थलको संरक्षणका लागि स्थानीय तह र प्रदेश सरकारले बजेट विनियोजन गरेको रामग्राम नगरपालिकाका प्रमुख धनपत यादवले बताए । पुरातात्विक क्षेत्र भएकाले सो क्षेत्रको संरक्षण गर्न तारबार गर्ने योजना बनाएको उनले जनाए ।

पण्डितपुरमा गरिएको उत्खनन्का क्रममा जमिनको सतहबाट १० सेन्टिमिटर पुरातात्विक संरचना फेलापरेका छन् । सामान्य खनजोतका क्रममा पनि पुरातात्विक सामग्री भेटिने पण्डितपुर संवेदनशील पुरातात्विक क्षेत्रका रूपमा रहेको छ । केही सार्वजनिक र धेरै निजी स्वामित्वका जग्गा रहेको पण्डितपुरलाई संरक्षण गर्न भौतिक संरचना निर्माण तत्काल रोक्नुपर्नेमा विज्ञहरूले जोड दिएका छन् । झण्डै ६२ बिघा क्षेत्रफलमा फैलिएको पण्डितपुर कोलीय गणराज्यको राजधानीको रूपमा दाबी गरिँदै आइएको छ ।

---

### अदालतमा...

उनले यसअघि आफूले प्रहरीमा दिएको बयान नै सही सत्य भएको जिकिर गरेका छन् । प्रहरीको अनुसन्धान र सरकारी वकिल कार्यालयको अभियोगपत्रका आधारमा न्यायाधीशले प्रश्न गरेका थिए । यसअघि रविसँगै पूर्वडीआइजी छविलाल जोशी र लीला पछाईंको बयान भएको थियो । त्यसपछि रविको बयान भएको हो । पुस ७ गते लामिछानेविरुद्ध सहकारी ठगीसँगै, सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा कास्की जिल्ला अदालतमा मुद्दा दायर भएको थियो ।

लामिछाने पोखराको सूर्यदर्शन सहकारीको बचत रकम अपचलन गरेको आरोपमा पक्राउ परी जिल्ला प्रहरी कार्यालय कास्कीको हिरासतमा छन् । उनीविरुद्ध सम्पत्ति शुद्धीकरणमा रु २७ करोड ८९ लाख ४४ हजार सात सय पाँच र सहकारी ठगीतर्फ रु तीन करोड ३७ लाख ६५ हजार बिगो दाबीसहित मुद्दा दायर भएको छ ।

उनका अनुसार रास्वपा सभापति लामिछानेसहित उक्त सहकारी ठगी प्रकरणमा जोडिएका रामबहादुर खनाल, छविलाल जोशी र लीला पछाईंविरुद्ध सम्पत्ति शुद्धीकरणमा पनि मुद्दा दायर गरिएको छ । प्रतिवादी खनालसँग रु १४ करोड ३० लाख ९१ हजार नौ सय ११, जोशीसँग रु ७४ करोड ३४ लाख ७१ हजार ५५, पछाईंसँग रु २४ करोड ६७ लाख सात हजार २४ बिगो दाबी गरिको छ ।

सहकारी ठगीमा जोशीविरुद्ध रु पाँच करोड २६ लाख ६५ हजार र दीपेश पुनसँग रु दुई करोड १४ लाख आठ हजार आठ सय ४३ बिगो माग गरिएको छ । सहकारी ठगीका आरोपित अन्य व्यक्तिलाई पनि कसुरअनुसारको बिगो र सजायको मागसहित मुद्दा दर्ता भएको सरकारी वकिलको कार्यालयले जनाएको छ ।

लामिछानेसहित १९ जनाविरुद्ध सङ्गठित अपराधमा पनि मुद्दा दर्ता भएको छ भने सहकारी ठगी मुद्दामा चाहिँ लामिछानेसहित ३१ जनाविरुद्ध मुद्दा दायर भएको हो । सूर्यदर्शन सहकारीको रकम ठगी प्रकरणमा अहिलेसम्म कुल ६३ जनाविरुद्ध जिल्ला अदालत कास्कीमा मुद्दा दायर भएको छ ।

सहकारीको बचत रकम अपचलन गरेको आरोपमा सभापति लामिछाने गत कात्तिक २ गते काठमाडौंबाट पक्राउ परेका थिए ।

### सरकारी...

गुल्मी मदाने गाउँपालिकाका विजय पराजुलीले आफ्नै मोटरसाइकल लिएर परीक्षा दिन जाँदा पनि प्रयोग गर्न नदिइ ठेक्का पाएको कम्पनी एन.बि.कन्स्ट्रक्सनको मोटरसाइकल नै प्रयोग गर्न बाध्य पारिएको गुनासो गरे । कम्पनीले आफन्तको सवारी साधन प्रयोग गर्न नाता प्रमाणितको कागज मागेर दुःख दिने र कम्पनीकै प्रयोग गर्न बाध्य पार्ने गरेको छ ।

सम्झौता भएयता २०८१ पुस ११ गतेसम्म उक्त ट्रायल सेन्टरबाट श्रेणी एदेखि डीसम्मका २ लाख २२ हजार ८ सय ५६ जनाले सवारी चालक अनुमति पत्र परीक्षाका लागि आवेदन दिएका थिए । यो आवेदनको संख्याका आधारमा परीक्षार्थीबाट एन.बि.कन्स्ट्रक्सनले साढे ६ करोड रुपैयाँ बढी आम्दानी गरेको देखिन्छ ।

कार्यालयका प्रमुख खेमबहादुर थापाले आफू आउनुभन्दा अगाडि नै सम्झौता भएको तर्क गर्दै यसअघिका मन्त्री सरोज थापाको निर्णय सस्तो लोकप्रियताका लागि भएको आरोप लगाए ।

एन.बि.कन्स्ट्रक्सनका सञ्चालक नारायण भुसालले कार्यालयले गरेको टेण्डरमा छनोट भएर सम्झौताअनुसार काम गरेको बताए । ठेक्का पाउन कुनै मिलेमतो नभएको र सम्झौताअनुसार काम गरेको भुसालले दाबी गरे । एन.बि.कन्स्ट्रक्सनले १५ लाख रुपैयाँ धरौटी राखेको थियो । उनले परासी र पाल्पामा पनि टेण्डरबाटै ट्रायल सेन्टर सञ्चालन भइरहेको तर्क गरे ।

तत्कालीन मन्त्री थापाको कार्यकालमा मन्त्रालयको निर्णय प्रभावकारीरुपमा कार्यान्वयन भएको यातायात व्यवस्था कार्यालयका तत्कालीन प्रमुख सुमन पौडेलले बताए ।

उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्डविक्रम न्यौपानेले यसअघिका मन्त्री थापाले गरेको निर्णय अक्षरशः कार्यान्वयन गर्न आफूले कार्यालय प्रमुखलाई पटक-पटक आग्रह गरेको बताए ।

---

## कर्मचारी आवश्यकता

प्रकाशित मितिः २०८१-०९-१२ गते

**युएसएड एकीकृत पोषण** (जुन २०२४ देखि जुन २०२९) नेपालमा स्वास्थ्य, खाद्य, खानेपानी, सरसफाइ तथा स्वच्छता, शिक्षा र सामाजिक सुरक्षा प्रणालीहरूको सुदृढीकरणमार्फत सेवा सुविधाबाट बञ्चित एवं सीमान्तकृत समुदायका महिला, किशोरकिशोरी र बालबालिकाको पोषण स्थिति सुधारका लागि प्रतिवद्ध बहुक्षेत्रीय परियोजना हो । युएसएड एकीकृत पोषण **नवलपरासी ब.सु.प.** जिल्लामा हेलेन केलर इन्टरनेशनलसँगको सहकार्यमा **इन्द्रेणी सामाजिक विकास मंच**, बर्दघाट ९ ले सञ्चालन गर्दैछ । उक्त परियोजनाको कार्यान्वयनका लागि देहाय बमोजिमका कर्मचारीहरु आवश्यकता भएकाले यो सूचना प्रकाशित गरिएको छ ।

१. कार्यक्रम संयोजक (Program Co-ordinator)-१
२. बित्त तथा प्रशासनिक अधिकृत (Finance and Admin Officer)-१
३. अनुगमन, मुल्यांकन एवम् सिकाई अधिकृत (MEL Officer) -१
४. पालिका अधिकृत (Municipality Officer) -५
५. एकीकृत पोषण सहजकर्ता (Integrated Nutrition Facilitator)-४
६. कार्यालय सहयोगी (support staff)-१

Scan me!

https://drive.google.com/file/d/1seZ7BacaeR5khjmVrDh1EtelD-zkPRnz/view?usp=drive_link

---

## संस्थापक समूहको शेयर बिक्री सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मितिः २०८१/०९/१३ गते**

यस वित्तीय संस्थाको देहायका संस्थापक शेयरधनीले आफ्नो स्वामित्वमा रहेको संस्थापक शेयर मध्ये तपसील अनुसारको संस्थापक शेयर बिक्रि गर्न इच्छुक भै वित्तीय संस्था समक्ष निवेदन दिनु भएको र नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन बमोजिम बिक्री गर्न प्रस्ताव गरिएको संस्थापक शेयर खरिद गर्ने पहिलो हक विद्यमान संस्थापकहरुमा रहने भएकोले उक्त शेयर खरीद गर्न इच्छुक विद्यमान संस्थापक शेयरधनीहरुको जानकारीको लागि सो सूचना प्रकाशित गरिएको छ । यदि कुनै संस्थापक शेयरधनीलाई वित्तीय संस्थाको संस्थापक शेयर खरिद गरी लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आवश्यक कागजात प्रमाण संलग्न गरी वित्तीय संस्थाको केन्द्रीय कार्यालय, बुटवल-१०, रुपन्देहीमा आफूले खरिद गर्ने शेयर कित्ताको मूल्य तथा संख्या खुलाई निवेदन दिनहुन सूचित गरिन्छ । उपरोक्त म्यादभित्र कुनै निवेदन प्राप्त हुन नआएमा प्रचलित नियमानुसार हाल कायम संस्थापक शेयरधनीहरुको खरीद दावी नभएको सम्झी बिक्रीको लागि प्राप्त उक्त शेयर अन्य नयाँ व्यक्ति वा संस्थापकहरुको खोजी गरि बिक्री कार्य गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**तपसील**

| क्र.सं. | संस्थापकको नाम, थर | ठेगाना | बिक्रीगर्न चाहेको कित्ता संख्या |
|---|---|---|---|
| १. | श्री प्रेम कुमार बराल | बुटवल-०६, रुपन्देही | १,५००/- (पन्ध्र सय) |

**थप जानकारीको लागिः**

**जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड**
**केन्द्रीय कार्यालयः बुटवल-१०, कालिकानगर, रुपन्देही**
**फोन नं. ०७१-४३८१७१**
**Email: info@jucbank.com.np, Website: www.jucbank.com.np**

---

## संस्थापक समूहको शेयर बिक्री सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मितिः २०८१/०९/१३ गते**

यस जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडका संस्थापकहरु संस्थापक शेयरधनी (समूह "क") का तपसिल बमोजिमका शेयरधनीहरुले आफ्नो स्वामित्वमा रहेको संस्थापक शेयर बिक्री गर्न ईच्छा राखी सञ्चालक समिति समक्ष निवेदन दिनुभएकोमा उक्त निवेदन सञ्चालक समितिको बैठकमा पेश हुँदा रित पुऱ्याई बिक्री गर्ने प्रकृया अघि बढाउने निर्णय भए अनुसार उल्लेखित संस्थापक शेयर खरिद गरी लिन इच्छुक यस वित्तीय संस्थाका विद्यमान संस्थापक शेयरधनीहरुलाई नै प्राथमिकता दिनुपर्ने व्यवस्था अनुसार संस्थापक शेयरधनीहरुको जानकारीको लागि ३५ दिने सूचना प्रकाशन गरिएको थियो ।

तर उक्त अवधीमा शेयर खरिद गर्नका लागि विद्यमान संस्थापक शेयरधनी महानुभावबाट कुनै आवेदन प्राप्त नभएकोले नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन नं. १०/२०७९ को बुदाँ नं. १२ को उप बुँदा (ख) बमोजिम उक्त संस्थापक शेयर खरिद गरी लिन इच्छुक अन्य व्यक्ति/संस्थालाई यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आवश्यक कागजात प्रमाण संलग्न गरी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय बुटवल-१०, कालिकानगर, रुपन्देहीमा आफूले खरीद गर्न चाहेको शेयर सँख्याको व्यहोरा खुलाई आवेदन दिनुहुन सूचित गरिन्छ । शेयर खरिदको आवेदन प्राप्त भए पश्चात बिक्रेता संस्थापकसँग समन्वय गरी खरीदकर्ता र बिक्रीकर्ताको बीच शेयर सँख्या र मूल्यमा आपसी सहमती भए पश्चात मात्र शेयर खरिद बिक्रीको प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**तपसील**

| क्र.सं. | संस्थापक | ठेगाना | बिक्री गर्ने शेयर संख्या |
|---|---|---|---|
| १. | श्री यम बहादुर बि.के. | दुम्कीबास-०३, नवलपरासी | २५,००० (पच्चिस हजार) |
| २. | श्री सुमित्रा देवी कुँवर | ठूलीपोखरी-०५, पर्वत | २५,००० (पच्चिस हजार) |
| ३. | श्री टोप बहादुर सुनार | यम्घा-०४, पाल्पा | ९,००० (नौ हजार) |

**थप जानकारीको लागिः**

**जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड**
**केन्द्रीय कार्यालयः बुटवल-१०, कालिकानगर, रुपन्देही**
**फोन नं. ०७१-४३८१७१**
**Email: info@jucbank.com.np, Website: www.jucbank.com.np**

---

## Kapilvastu Municipality
## Office of Municipal Executive
### Taulihawa,Kapilvastu
**Lumbini,Province**

## Notice for Bid Amendment

**Date of Publication: 28th Nov, 2024(13th Mangsir, 2081)**
**Date of Bid Amendment: 27th Dec, 2024(12th Paush, 2081) 10:00**

This is notifying to all the concerned bidders that the estimated amount and bill of quantities(boq) of following bids published in Dainik Lumbini National newspaper on dated 28th November 2024 has been amended. The bidders can visit the www.bolpatra.gov.np for the brief description with Public entity name: **Kapilvastu Municipality, Office of Municipal Executive.**

| S.N. | IFB NO. | Name of Projects | Estimated Amount (Exclusive VAT and Contingencies) | Final Bid purchasing and submission Date& Time | Bid Opening Date& Time |
|---|---|---|---|---|---|
| 1 | KM/ 081/082-06 | Aanandbag Madan Ashrit Smriti Bhawan Nirman Kapilvastu Na.Pa.-1 | 9,139,126.58 | 31st Dec, 2024 12:00 | 31st Dec, 2024 13:00 |
| 2 | KM/ 081/082-07 | Kapilvastu Nagarpalika Wada No.3 Thulo Sadawa Ma Raheko Kalimai Mandir Parisar Tatha Pokhari Ko Dilma Dharmashala Nirman Kapilvastu | 7,732,909.85 | | |

**Chief Administrative Officer**

---

## उपभोक्ता वर्गमा अनुरोध

- कारोबार स्थलमा साईनबोर्ड, मूल्य सूची भए/नभएको साथै प्याकिङमा अधिकतम खुद्रा मूल्य (MRP) भए नभएको हेरौं ।
- प्याकिङ सामानमा लेवल, उत्पादकको नाम, ठेगाना र वस्तुको ब्याच नम्बर, उत्पादन मिति, उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं ।
- उत्पादन मिति र उपभोग्य मिति नभएको वा केरमेट भएको वस्तु खरिद नगरौं ।
- वस्तु उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थ भण्डारण विधि, उपभोग तरिका छ/छैन हेरौं । औषधी तथा औषधीजन्य पदार्थहरूको प्याकिङमा उपभोग्य मिति र उपभोग तरिका छ/छैन हेरौं ।
- सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो । वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रूपमा प्यान वा भ्याट बिल लिने दिने गरौं ।
- अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएमा स्थानीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय वा यस निर्देशनालयमा उजुरी गरौं ।
- कमसल वस्तु वा सेवाको प्रयोगबाट कुनै हानी नोक्सानी भएमा सम्बन्धित जिल्ला क्षतिपूर्ति समितिमा उजुरी गरौं ।
- व्यवसाय दर्ता गरेको व्यावसायीसँग मात्र सामान खरिद गर्ने बानी बसालौं ।
- उपभोक्ता हित विपरित कुनै कार्य भएको थाहा पाएमा नागरिक खवरदारी गरौं वा यस निर्देशनालयमा खबर गरौं ।
- जस अनुसार प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने अधिकार हुनेछ । गुणस्तरहिन वस्तु तथा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**उपभोक्ता संरक्षण ऐनमा भएका व्यवस्थाहरू**

**उपभोक्ताका अधिकारहरू के के हुन् ?**

- वस्तु वा सेवामा सहज पहुँचको अधिकार, स्वच्छ प्रतिस्पर्धात्मक मूल्यमा वस्तु वा सेवाको छनौट गर्ने अधिकार,
- वस्तु वा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदि बारेमा सूचित हुने अधिकार,
- दुई वा दुई भन्दा बढी पदार्थको समिश्रणबाट बनेको वा उत्पादित वस्तुमा रहेको पदार्थको मात्रा, राज्य तत्व वा प्रतिशतको बारेमा जानकारी पाउने अधिकार,

**उपभोक्ता हित संरक्षणमा संवैधानिक तथा कानुनी व्यवस्था नेपालको संविधान अनुसार धारा ४४ मा उपभोक्ताको अधिकार मौलिक हकको रूपमा रहेको छ ।**

**ईश्वर चन्द्र अर्याल**
निर्देशक (तथा)
**उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय** भैरहवा, रुपन्देही

---

## जनता माध्यमिक विद्यालय देवगाउँ
**रामग्राम न.पा.१७, नवलपरासी पश्चिम, लुम्बिनी प्रदेश, नेपाल**

## शिक्षक आवश्यकता सम्बन्धी सूचना

**प्रकाशित मितिः २०८१।०९।१२**

उपरोक्त सम्बन्धमा यस विद्यालयको मिति २०८१।०९।०८ गतेको वि.व्य.स.को निर्णय तथा रामग्राम नगरपालिकाको च.नं. २०४५ मिति २०८१।०९।११ को अनुमति पत्र बमोजिम नगरपालिका मा.वि. अनुदान गणित शिक्षक आवश्यक भएको हुँदा तपसिल अनुसारको योग्यता पुगेका इच्छुक नेपाली नागरिकलाई आवेदनको लागि दरखास्त दिनुहुन आह्वान गरिन्छ ।

**तपसिल**

१. विज्ञापन नं. : ०१/२०८१/०८२
२. पद संख्याः १ जना (गणित विषय) ।
३. तह/श्रेणीः नगरपालिका मा.वि. अनुदान कोटा
४. शैक्षिक योग्यताः मूल विषय गणित लिई स्नातक तह उत्तीर्ण वा सो सरह ।
५. नियुक्ति किसिमः करार
६. तलब स्केलः रामग्राम नगरपालिकाको अनुदान अनुसार
७. उमेरः १८ वर्ष पूरा भई ४० ननाघेको ।
८. दरखास्त दिने मिति : २०८१।०९।१२ गतेदेखि २०८१।०९।२६ गतेसम्म विद्यालय समयमा ।
९. सम्पर्क मितिः २०८१।०९।२८ गते
१०. दरखास्त दस्तुरः १, ५००।- (रु एक हजार पाँच सय मात्र ।)
११. परीक्षाको किसिमः लिखित, मौखिक आवश्यक परे प्रयोगात्मक ।
१२. परीक्षाः सम्पर्क मितिको दिन तोकिने छ ।
१३. **आवश्यक कागतहरुः-**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
(ग) अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि ।
(घ) निरोगिताको प्रमाणपत्र ।
(ङ) निवेदन वा दरखास्त फाराम ।
१४ आवेदन दिने स्थानः जनता माध्यमिक विद्यालय देवगाउँ रामग्राम-१७, नवलपरासी पश्चिम
१५. सम्पर्क नं. ९८४७०३१५४२, ९८१४४०७६०२, ९७४६९४८१४१

**प्रधानाध्यापक**

---

## जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौं

- हुस्सु, कुहिरो र शीतलहरको बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ,
- सावधानीपूर्वक सवारी साधन चलाऔं ।
- सवारी चलाउनु पूर्व सवारीको यान्त्रिक परीक्षण गरौं ।
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ती (फम लाइट) बालेर मात्र सवारी साधन चलाऔं ।
- बाक्लो कुहिरोको समयमा आवश्यकता अनुसार हर्नको प्रयोग गरौं ।
- तीब्र गतिमा सवारी साधन नचलाऔं ।
- सवारी साधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं ।
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।
- जथाभावी बाटो नकाटौं, बाटो काट्दा शतर्क रहौं ।
- सवारी दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

**कञ्चन गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कञ्चन-२, बेउरी रूपन्देही**

---

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

# चार महिनाको अवधीमा १ करोड ८२ लाख राजस्व संकलन




कृष्ण पोखरेल
*पाल्पा*

तिनाउ गाउँपालिकाले प्रथम चौमासिक सार्वजनिक सुनुवाइ कार्यक्रम गरेको छ। प्रथम चौमासिकसम्म १३.८६ प्रतिशतमात्र प्रगती हासिल गरेको छ । चालु आर्थिक वर्षमा पालिकाले ५४ करोड २० लाख ८४ हजार रुपैयाँ विनियोजन गरेकोमा हालसम्म ७ करोड ५१ लाख ४१ हजार मात्रखर्च गरेको छ। जसमा चालुतर्फ ७ करोड २७ लाख ८९ हजार खर्च गरी १९.५५ र पुँजीगततर्फ २३ लाख ५२ हजार रुपैयाँ खर्च गरी १.३९ प्रतिशतमात्र प्रगति हाँसिल गरेको छ। गाउँपालिकाले चालु आर्थिक वर्षमा १० करोड ५० लाख ४३ हजार आम्दानी हुने अनुमान गरेको ४ महिनाको अवधीमा १ करोड ८२ लाख २ हजार गरी १७.३२ प्रतिशत आम्दानी गरेको छ।

तिनाउ गाउँपालिकामा २०८१ श्रावणदेखि मंसिरसम्म १ सय ५२ जनाको जन्म भएकोमा ७१ जनाको मृत्यु भएको, १२ जनाको सम्बन्धविच्छेद, ७८ जनाको विवाह भएको, २६ घरपरिवार बसाईसराइ गरेको र ६ परिवार बसाईसराइ आएको देखिएको छ। पालिकाको १ सय २० वटा योजना रहेकोमा हालसम्म ५० वटा योजना सम्झौता भएकोमा बाँकी सम्झौताको चरणमा रहेको र केही योजनाको काम सम्पन्न भए पनि फरफारक नभएको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाको सार्वजनिक सुनुवाइमा आएका सुझाव, गुनासाहरुमा देखिएका कमिकमजोरीहरुलाई आत्मसात गर्दै पालिकाको दैनिक सेवा प्रवाहमा सुधार भएमात्र सार्वजनिक सुनुवाइ गरेको औचित्य हुने अन्यथा कर्मकाण्डी पक्रियामात्र पूरा हुनेमा नागरिकहरुले जोड दिए।

सार्वजनिक सुनुवाइमा नागरिकहरुलेवर्षायामदेखि बन्द भएका गाउँठाउँका बाटोहरु हालसम्म पनि मर्मत सम्भार नभएको, बिरामी बोक्ने एम्बुलेन्स आफैँ बिरामी भएर पालिका अगाडि नै थन्किएको, कृषि एम्बुलेन्स ५ महिनादेखि बिग्रिएर बन्द भएको, प्रमुख प्रशासकीय अधिकृत र कार्यालयका कर्मचारीहरुबिच तालमेल नहुँदा जनताको काममा समस्या भएको गुनासो गरेका छन् । यसैगरी वडा-वडामा सचिव नहुँदा जनताको काम समयमा नभएको, बञ्चरेडाँडाको पहिरोको कारण बस्ती नै जोखिममा परेको, निर्माण भएका पर्यटकीय पूर्वाधार, पार्क क्षेत्रहरु बेवारिसे अवस्थामा पुऱ्याएको, तिनाउ नदी क्षेत्रमा सुरुङमार्गको माटो र ढुंगा डम्पिङ गरेको गुनासो गरेका छन्।

सेवाग्रहीले सार्वजनिक सुनुवाइ कार्यक्रममा पूर्वाधार निर्माणका काममा गुणस्तरीयतालाई ख्याल नगरेको, पालिकाभित्र गुणस्तरीय शिक्षामा ध्यान नदिएको, किसानहरुसँग सहकार्य गरेर काम नगरेको, खानीबाट आउने राजस्वहरु समयमा नउठाएको, प्रमुख प्रशासकीय अधिकृत बढी समयमा फिल्डमा जाँदा कार्यालयमा आउने सेवाग्रहीले दुःख पाएकालगायतका गुनासा गरेका थिए।

कार्यक्रममा समग्र गुनासाहरुको जवाफ दिँदै गाउँपालिका अध्यक्ष प्रेम श्रेष्ठले बजेट अवस्था सीमित भएको र जनताका अपेक्षा आकांक्षा बढी भएकोले सोंचेअनुसार काम गर्न नसकिएको बताए । तर पालिकाभित्र आर्थिक सुशासन, पारदर्शीता कायम राख्न आफू कटिबद्ध भएर लागेको अध्यक्ष श्रेष्ठले बताए। आफूलाई कसैले आर्थिक विषयमा कसैले पनि एक पैसाको तलमाथि भएको प्रमाण पेश गरे गाउँपालिकाको अध्यक्ष पदबाटै राजीनामा दिने पालिका अध्यक्ष श्रेष्ठले दाबी गरे । पालिकाको कृषि उत्पादन बढाउन, राजस्व वृद्धि गर्न, पर्यटकीय क्षेत्रमा पूर्वाधार निर्माणदेखि होम स्टे सञ्चालनमा जोड दिँदै आएको श्रेष्ठले बताए।

कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत लेखबहादुर बस्नेतले चौमासिक प्रतिवेदनको समग्र प्रगती तथा आम्दानी खर्च सार्वजनिक गरेका थिए । सार्वजनिक सुनुवाइमा उठेका प्रश्नहरुको जवाफ उनले दिएका थिए। प्रदेश लोकसेवा आयोगले कर्मचारी पर्याप्त नदिँदा पालिकाभरी नै वडा सचिवको अभाव भएको, पालिकामै कर्मचारी पर्याप्त नहुँदा सेवा प्रवाहमा कठिनाइ भएको, पालिकाभित्र आर्थिक सुशासन कायम गर्न कटिबद्ध भएर लागेको, खर्चमा कानुनअनुसार मितव्यितिता अपनाएको, अधिकांश योजनालाई टेण्डर प्रक्रियामा सञ्चालन गरेको, आगामी दिनमा सेवाग्रहीलाई सहजताको लागि समयसीमा तोकेर योजना अनुगमन गरिने प्रमुख प्रशासकीय अधिकृत बस्नेतले बताए।

सार्वजनिक सुनुवाइ कार्यक्रममा नेपाली कांग्रेस तिनाउ गाउँ समितिका सभापति प्रेम श्रेष्ठ, नेकपा एमाले तिनाउ गाउँपालिका कमिटी अध्यक्ष रोमबहादुर लम्तरी, नेकपा माओवादी केन्द्र तिनाउको संयोजक रितुकुमारी श्रेष्ठले जनताप्रति उत्तरदायी भएर, सुशासनमा कटिबद्ध भएर, चुनावी घोषणपत्रलाई सम्झेर, तिनाउलाई कृषि पर्यटन केन्द्रित बनाएर काम गर्न सुझाव दिएका थिए।

कार्यक्रममा कृष्ण पाण्डे, खगेन्द्र कसी, नारायण गिरी, लालबहादुर दर्लामी, दानबहादुर गाहा, विष्णुप्रसाद पाण्डे, कमल श्रेष्ठ, टोपबहादुर विश्वकर्मा, निर्मल बस्याल, केशवराज बस्याल, शिव पाण्डे, आशिष रायमाझीलगायतले गुनासा, सुझाव तथा आगामी दिनमा कर्मचारी तथा जनप्रतिनिधिहरुले गर्नुपर्ने कामकर्तव्य जिम्मेवारीकाबारेमा चर्चा गरेका थिए।

कार्यक्रमा उठेका प्रश्नहरुको शिक्षा शाखा प्रमुख लक्ष्मी कुँवर, राजस्व शाखा प्रमुख निरञ्जन लामिछाने, प्राविधिक शाखा प्रमुख किशन कुँवर, कृषि शाखा प्रमुख हेमन्तकुमारशर्मा, पशु शाखा प्रमुख अनिस पौडेल र प्रवक्ता यादव अर्याललगायतले जवाफ दिएका थिए । सार्वजनिक सुनुवाइको पाल्पा विकास केन्द्रका संयोजक किरण कौशलले सहजीकरण गरेका थिए।

# भैरहवामा लक्ष्मी सनराईज बैंकको डिजिटल संवाद

भैरहवा । लक्ष्मी सनराईज बैंकले भैरहवामा डिजिटल वित्तीय संवाद कार्यक्रम आयोजना गरेको छ । बैंकले अंग्रेजी महिना डिसेम्बरलाई डिजिटल डिसेम्बर घोषणा गर्दै सातै प्रदेशमा डिजिटल संवाद कार्यक्रममार्फत् वित्तीय सचेतना दिने उद्देश्यसहित लुम्बिनी प्रदेशको भैरहवामा डिजिटल संवाद कार्यक्रम आयोजना भएको हो।

बैंकले डिजिटल डिसेम्बर पहलअन्तर्गत भैरहवामा आयोजित कार्यक्रममा यस क्षेत्रका व्यवसायी, विद्यार्थी, प्राध्यापक, कर्मचारी, सुरक्षानिकायलगायतका सरोकारवालासँग संवाद कार्यक्रम आयोजन गरेको हो।

कार्यक्रममा डिजिटल भुक्तानीलगायतका विषयमा जानकारी दिँदै यसका फाइदासँगै नकारात्मक पक्षका बारेमा चर्चा सहभागीले गरेका थिए ।कार्यक्रममा आफ्नो भनाइ राख्दै नेपाल राष्ट्र बैंकका निर्देशक एवं सिद्धार्थनगर शाखाका प्रमुख विज्ञान राज सुवेदीले नेपाल राष्ट्र बैंकको पछिल्लो समय डिजिटल भुक्तानीको प्रयोग बढीरहेको भन्दै जति बढी जनताहरुमा वित्तीय साक्षरता प्रदान गर्न सकियो त्यति बढी डिजिटल भुक्तानीको व्यापकता बढ्ने बताउँदै नेपाल राष्ट्र बैंकको मुख्य एजेन्डाका रुपमा वित्तीय साक्षरता रहेको जनाए। त्यसैले हामीले सबै स्टेकहोल्डरहरुलाई वित्तीय साक्षरता अनिवार्य गर्न लगाउने गरेका छौं।'-उनले भने।

डिजिटल भुक्तानी या डिजिटल बैंकिङका क्रममा सेवाग्राहीमा प्राविधिक समस्या आउने गरेको मात्र नभइ ठगीएको गुनासो समेत आउने गरेकाले त्यस्ता प्राविधिक पक्षको समाधानमा सेवाप्रदायक संस्था लाग्नु पर्नेमा जोड दिँदै बढीभन्दा बढी डिजिटल बैंकिंग साक्षरतामा जोड दिए। निर्देशक सुबेदीले लुम्बिनी प्रदेशमा मोबाइल बैंकिङ प्रयोगकर्ता कर्ता र इन्टरनेट बैंकिङ प्रयोगकर्ता बढीरहेको जनाए।

डिजिटल संवाद कार्यक्रममा रुपन्देही जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक एवं सूचना अधिकारी सुरज कार्कीले डिजिटल भुक्तानीले आम सर्वसाधारणलाई धेरै सजिलो बनाइदिएको बताउँदै समस्या पनि रहेको जनाए। डिजिटल पेमेन्टका माध्यमबाट ठगि, बैंकको कर्मचारी भन्दै ओटीपि माग गरी ठग्ने, फेक अनलाइन पसल खोली अनलाइन पेमेन्ट माग गरी ठगी, स्पाम मेसेज गरी डिजिटल पेमेन्टमार्फत सर्वसाधारण ठगिने गरेको भन्दै यस्ताबाट सबै सचेत हुने गरी डिजिटल भुक्तानी अझ प्रभावकारी, भरपर्दो र सुरक्षित बनाउनु पर्नेमा जोड दिए।

सर्वसाधारणले चेक बाउन्स, साइबर अपराध, अनलाइन ठगीलगायतका समस्या लिएर कार्यालयमा आउने गरेका छन्, डिजिटल पेमेन्ट होस या साइबर वा अनलाइन ठगीको अनुसन्धान केन्द्रबाट हुने र सीमित श्रोत साधनका कारण समय लाग्ने प्रहरी नायब उपरीक्षक कार्कीले बताए।

डिजिटल भुक्तानी भएको देखिने, तर उता अर्को सस्था वा व्यक्तिको खातामा भुक्तानी नहुने समस्या पनि आउने भएकाले त्यस्ता विषयमा अटो रीफन्ड हुने व्यवस्था भए सेवाग्राहीलाई सुविधा पुग्ने उनले बताए।

सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले बैंकिङ कारोबारमा डिजिटल भुक्तानीले सबैलाई फाइदा पुऱ्याएको बताए । अहिले पैसा मात्र होइन, संसार नै मोबाइलमा रहेको छ, नबिन प्रविधिले व्यवसाय अघि बढाउन मद्दत गरेको छ, उद्योग व्यवसाय क्षेत्रमा अझ बढी फाइदा पुगेको छ, क्यास लेस मात्र होइन, फेस लेस कारोबार हो डिजिटल भुक्तानी ।'-अध्यक्ष श्रेष्ठले भने । अनलाइन बिजिनेशसँगै अनलाइन पेमेन्ट बढेको छ साथै नकारात्मक कुराहरु पनि छन, व्यक्तिगत खातामा पेमेन्ट गर्दा १० रुपैयाँमा पनि ११ रुपैयाँभन्दा बढी शुल्क लाग्ने रहेकोमा न्यूनतम भुक्तानी तोक्ने र चेक क्लियरीङमा लगाउन थालिएको मूल्य अभिवृद्धि कर खारेज गरी डिजिटल भुक्तानीलाई अझ बढी लोकप्रिय बनाउन सकिने धारणा श्रेष्ठको थियो।

रुपन्देही क्याम्पसका क्याम्पस प्रमुख पार्थिबेन्द्र उपाध्यायले डिजिटल साक्षरता र भुक्तानी कोरोना महामारीपछि एकदम व्यापक भएको बताउँदै युवा विद्यार्थीहरुले बढी फाइदा लिएको जनाए । 'यसको गलत प्रयोग पनि सुनिएको छ, त्यस्तालाई निरुत्साहित गर्नुपर्छ, भुक्तानी गर्ने स्थानमा इन्टरनेट सुविधा हुँदैन, त्यस्ता स्थानमा सेवाग्राहीले डाटा प्रयोग गरी भुक्तान गरेको पाइन्छ, त्यसैले सेवाग्राहीलाई सेवाप्रदायकले यो सेवा लिएसँगै वार्षिकरुपमा न्यूनतम डाटाको सुविधा पनि उपलब्ध गराउनु पर्छ।'-उपाध्यायले भने।

डिजिटल भुक्तानीमा अतिरिक्त सेवा रोग भएकोले लिन नहुने उनको तर्क छ । पेमेन्ट तत्काल हुने, तर सेटलमेन्ट तत्काल नहुँदा देखिने अर्को समस्या रहेको उपाध्यायको भनाइ छ।

महिला उद्यमी एवं काशी सिने प्लेक्सकी निर्देशक अञ्जु जैशीले महिलाहरुमा वित्तीय साक्षरता मात्र नभई डिजिटल भुक्तानी गर्ने क्रम समेत बिस्तारै बढ्दै गएको बताइन् । यसलाई व्यापक बनाउन अझ बढी बैंकिङ शिक्षा आवश्यक रहेको उनको तर्क छ।

डिजिटल बैंकिङ समयको माग रहेको र यसलाई पछ्याउन सकिएन भने अर्थ बजारबाट पछि परीने जैशीले बताइन्। डिजिटल बैंकिङकै कारण कतिपय महिला दिदीबहिनीहरुले अनलाइन बिजिनेश गर्दै स्वरोजगार भैरहेको र आफ्नो काशी सिने प्लेक्समा पनि अनलाइन बुकिंग र पेमेन्ट सुरु गरीएको बताइन । डिजिटल पेमेन्टले सम्बन्ध नबिग्रने, वादविवाद नहुने उनको भनाइ छ।

लुम्बिनी रण अम्बिका आँखा अस्पतालका बित्त प्रमुख भेष बिक्रम थापाले डिजिटल भुक्तानीले सबैपक्षलाई फाइदा पुगेको जनाउँदै नकारात्मक पक्षलाई समाधान गर्दै अघि बढ्नु पर्नेमा जोड दिए । उन्ले अस्पतालमा आउने भारतिय सेवाग्राहीले समेत डिजिटल पेमेन्ट गर्ने गरेको बताए।

कार्यक्रममा भुक्तानी प्रदायक सस्था आइएमइ पे का लुम्बिनी प्रमुख सुभाष गैरेले भुक्तानी प्रदायक संस्था आइएमइ पेले दिँदै आएको सबैखाले सेवा सुविधा साथै डिजिटल बैंकिङबारे जानकारी दिएका थिए।

बैंकका डिजिटल च्यानल अपरेसन्स विभाग प्रमुख सुमनप्रसाद गेलालले डिजिटल भुक्तानीमा सेवाग्राहीलाई थाहा हुँदा हुँदै पनि समस्या देखिने गरेको भन्दै वित्तीय साक्षर छु भन्नेहरुबाट बढी समस्या हुने गरेको र चेक बाउन्स त्यसको उदाहरण रहेको बताए।

गेलाले डिजिटल भुक्तानीका कारण लिने र दिने बिचको भौतिक उपस्थितलाई विस्थापित गरेको भन्दै यो भुक्तानी प्रणालीलाई देश विदेशका सिमानाले नरोक्ने र बिदाको दिन मात्र नभई चाहेको बेलामा गर्न सकिने भएकाले सबैलाई सहज र सजिलो बन्दै गएको बताए ।

लक्ष्मी सनराइज बैंकका लुम्बिनी प्रदेश प्रमुख ओमप्रकाश कण्डेलले डिजिटल बैंकिङले दैनिक जीवनलाई कसरी प्रभावकारी बनाएको छ र यसका महत्व, फाइदा के-के छन्, वित्तीय साक्षरताको अहिलेसम्मको प्रयासलगायतका विषयमा सरोकारवालासँग संवाद गर्ने उद्देश्यले केन्द्रीय कार्यालयको नीतिअनुसार कार्यक्रम भएको बताए।

बैंकले चालु डिसेम्बर महिनामा डिजिटल कारोबारलाई प्रवर्द्धन गर्ने उद्देश्यले विभिन्न अफर, अभियान तथा अन्तरकृयाहरु गरी डिजिटल डिसेम्बरका रुपमा मनाइरहेको र यसै सन्दर्भमा बैंकले यस क्षेत्रका विभिन्न व्यवसायी, शिक्षक, विद्यार्थी, प्राध्यापक, कर्मचारी, सुरक्षा निकायलगायतको उपस्थितिमा डिजिटल भुक्तानीलगायतका विषयमा डिजिटल संवाद कार्यक्रम गरेको लक्ष्मी सनराइज बैंक भैरहवा शाखा प्रबन्धक सन्तोष सापकोटाले बताए।

# मेलामा रिदम व्याण्डको धमकेदार प्रस्तुति




बुटवल । बुटवलको औद्योगिक व्यापार मेलामा शुक्रबार दीपक बज्राचार्य एण्ड द रिदम व्याण्डको धमकेदार प्रस्तुति रहेको थियो। मेलामा दीपक बज्राचार्य र उनको द रिदम व्याण्डको प्रस्तुतिले बुटवलको चिसोलाई तातो बनाएको थियो।

मेलामा स्टेज चढेसँगै दर्शकको हुटिङ् र तालीको साथ पाएका बहुचर्चित गायक दीपकले गायन करियरको सुरुदेखिका गीत गायर दर्शकलाई पनि भरपुर मनोरञ्जन प्रदान गरेका थिए। दीपक र उनको द रिदम व्याण्डले हजारौं दर्शकले भरिभराउ बुटवल मण्डपको शन्ध्याकालिन साँझलाई संगितमय बनाएको थियो।

त्यस अवसरमा उनले म कुनै रितु होइन, कालिकालि हिस्सी परेकीलगायतका थुप्रै गीत गाए । मेलामा दीपक बज्राचार्य एण्ड द रिदम व्याण्डसहित लोक तथा दोहोरी गायिका सर्मिला विसी, विन्दु परियार, रामेश्वर ढकाललगायतका कलाकारहरुको प्रस्तुति रहेको थियो।

त्यस्तैगरी विद्यालयस्तरीय लोक नृत्य प्रतियोगिता, खुला लोक दोहोरी गीत प्रतियोगिता र भ्वाइस अफ बुटवल, डान्स च्याम्स अफ बुटवल प्रतियोगिता भएका छन्।

त्यसैगरी आज (शनिबार) लोक तथा दोहोरी गायिका शान्ति श्री परियार, दामोदर बस्याल, शिलु भट्टराई, योगराज पोखरेल, गणेश अधिकारी, हास्य कलाकार कमल भट्टराई र विजय बमरेल तथा डान्सर निष्ठा पुन र मनिसा बस्यालको प्रस्तुति रहनेछ।

त्यस्तै खुला लोक दोहोरी प्रतियोगिता, विद्यालयस्तरीय लोक नृत्य प्रतियोगिता तथा भ्वाइस अफ बुटवललगायतका प्रतियोगिता हुने सांस्कृतिक कार्यक्रम संयोजक निर्मित कसजूले जानकारी दिए।

'लगानी लुम्बिनीमा, समृद्धि देशमा' भन्ने मूल नारासहित यही पुस ३ देखि १८ गतेसम्म सञ्चालन हुने मेलामा ५ सय स्टल छन् । मेलामा औद्योगिक प्रदर्शनी, हस्तकला प्रदर्शनी, कृषि प्रदर्शनी र प्रविधिको प्रदर्शनी तथा बिक्री वितरण, विभिन्न विधामा प्रतियोगितात्मक कार्यक्रमसहित सांस्कृतिक सांगीतिक कार्यक्रम भइरहेको मेला कार्यसम्पादन समितिका सदस्य तथा प्रचारप्रसार उप-समितिका संयोजक दीपक चापागाईंले जानकारी दिए।




हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरुमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com